राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २०४ २०८२ फागुन १४ गते विहिवार (26 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## अब विभाजनको राजनीतिक गर्नेको दोकान बन्द हुन्छ : सभापति लामिछाने

दैनिक समाचारदाता

जनकपुरधाम, १३ फागुन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले तराई, पहाड र हिमाललाई अलग(अलग गरेर गरिने राजनीतिको अन्त्य हुने बताएका छन् । मधेश यात्राका क्रममा बुधबार जनकपुरधाम र बर्दिबासमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले विभाजनको राजनीतिबाट देशलाई मुक्त गर्ने दाबी गरेका हुन्।



जनकपुरधामस्थित जानकी मन्दिरमा दर्शनपछि समर्थकहरूसँग कुरा गर्दै सभापति लामिछानेले रास्वपा कुनै एक क्षेत्रको नभई समग्र देशको विकासको पक्षमा रहेको बताए। "तराई, पहाड र हिमाललाई अलग गरेर राजनीति गर्नेको दोकान अब बन्द हुन्छ," उनले भने, "हामी सिङ्गो देशलाई एकताबद्ध गरेर अघि बढ्ने राजनीति गर्छौं।"

उनले विगतमा दशकौंदेखि विभेद र उपेक्षामा परेको मधेशलाई प्राथमिकतामा राखेर विकास कार्यक्रम अघि बढाइने उल्लेख गरे। विशेषगरी धार्मिक पर्यटनको प्रवर्द्धनमार्फत जनकपुरधामसहित मधेशका ऐतिहासिक र सांस्कृतिक क्षेत्रको समग्र विकास गरिने उनले बताए।

लामिछानेले अघिल्लो निर्वाचनमा सुशासनको मुद्दा उठाए पनि विभेदका विषयमा पर्याप्त बोल्न नसकेको स्वीकार गर्दै यसपटक विभेद अन्त्य र सुशासन स्थापना दुवैलाई सँगै अघि बढाइने प्रतिबद्धता व्यक्त गरे। "जनताको एक(एक मतको कदर गर्दै इमानदारीपूर्वक देशको हितमा काम गर्छौं," उनले भने।

यसै क्रममा महोत्तरीको बर्दिबासमा आयोजित अर्को कार्यक्रममा उनले रास्वपाको सरकार भ्रष्टाचारविरुद्ध सबैभन्दा बढी निर्मम हुने दाबी गरे। "रास्वपाको सरकारले भ्रष्टाचारको जरा उखेल्छ, र भ्रष्टाचारविरुद्ध कठोर रूपमा उत्रिन्छ," उनले स्पष्ट पारे। उनका अनुसार मुलुकमा बढ्दो बेरोजगारी, विकास निर्माणमा ढिलासुस्ती, कर्मचारीतन्त्रका समस्या तथा किसान(मजदुरका कठिनाइ जस्ता विषय समाधान गर्न स्थायी र प्रतिबद्ध सरकार आवश्यक छ। "हरेक क्षेत्रमा समस्या समस्यै छ," उनले भने, "ती सबै समस्या समाधान गर्न पाँच वर्षका लागि रास्वपाको स्थायी सरकार चाहिन्छ।"

सभापति लामिछानेले विभाजनकारी राजनीति र भ्रष्टाचार दुवै देशको प्रगतिको मुख्य अवरोध भएको उल्लेख गर्दै समावेशी विकास, सुशासन र पारदर्शितामार्फत नयाँ राजनीतिक संस्कार स्थापना गर्ने लक्ष्य रहेको बताए।

## परिक्रमामा सहभागीलाई घर फर्किन दिन सुरक्षा निकायको निर्णय

दैनिक समाचारदाता

जनकपुरधाम, १३ फागुन । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मतदानभन्दा ७२ घण्टा अगावै नेपाल(भारत सीमा सिल गर्ने कानुनी व्यवस्था रहे पनि मिथिला मध्यमा परिक्रमामा सहभागी भारतीय साधुसन्त तथा श्रद्धालुहरूलाई घर फर्किन कुनै अवरोध नगर्ने निर्णय गरिएको छ ।



चौतर्फी चासो बढेपछि धनुषा र महोत्तरीका जिल्ला प्रशासन कार्यालयको अगुवाइमा बसेको सर्वदलीय बैठकले परिक्रमा सहभागीहरूलाई सीमा प्रहरीसँग समन्वय गरी सहज रूपमा घर फर्किने व्यवस्था मिलाउने सहमति गरेको हो। मिथिलाको 'महाकुम्भ'का रूपमा परिचित उक्त परिक्रमा सहभागीहरू सीमा सिल भएपछि कसरी फर्किने भन्ने विषयमा चिन्तित थिए। निर्वाचन आचारसंहिताअनुसार मतदानअघि ७२ घण्टा सीमा नाका बन्द गर्ने प्रावधान भए पनि धार्मिक यात्रामा सहभागी भएकालाई मानवीय आधारमा सहजीकरण गर्ने निर्णय गरिएको प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालले सीमा सिल हुनुअघि नै सहभागीहरूलाई फर्किन आग्रह गरिएको बताए। परम्पराअनुसार अन्तर्गृह परिक्रमा सम्पन्न गरी फर्किने श्रद्धालुहरूका लागि भने फागुन २० गतेसम्म अवरोध नगर्ने स्पष्ट पारे। "सबै कुरा निर्णयपत्रमै लेख्नुपर्छ भन्ने हुँदैन, व्यवहारमा अवरोध हुँदैन," उनले भने।

त्यस्तै जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले पनि मौन अवधिमा आफ्नै गन्तव्य फर्किन चाहने भारतीय नागरिकलाई रोक नलगाइने जानकारी दिए। उनका अनुसार सीमा सिलको उद्देश्य बाह्य हस्तक्षेप रोक्नु हो, धार्मिक यात्राबाट फर्किनेहरूलाई अवरोध गर्नु होइन। निर्वाचन हुने २१ गते बाहेक २० गतेसम्म समन्वय गरी सहज रूपमा फर्किने व्यवस्था मिलाइने निर्णय सर्वदलीय बैठकबाट भइसकेको उनले बताए।

यद्यपि निर्णयपत्रमा विषय स्पष्ट उल्लेख नभएकाले स्थानीय तहमा केही अन्योल देखिएको छ। प्रशासनले भने धार्मिक आस्थाको सम्मान गर्दै सुरक्षा र निर्वाचन व्यवस्थापनबीच सन्तुलन कायम गरिने जनाएको छ। जनकपुरधामस्थित हनुमानगढीबाट फागुन ४ गते सुरु भएको परिक्रमा भगवान राम(जानकीको डोलासहित नेपाल(भारतका विभिन्न धार्मिक स्थलको भ्रमण गर्ने परम्परासँग जोडिएको छ। १५ दिने यात्रा पूरा गरी फागुन १८ गते जनकपुरधाम फर्किने तथा १९ गते अन्तर्गृह परिक्रमा सम्पन्न हुने कार्यक्रम रहेको छ।

प्रशासनले निर्वाचन र धार्मिक गतिविधि दुवैलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सुरक्षा निकायसँग निरन्तर समन्वय भइरहेको जनाएको छ।

## सद्भावना अध्यक्ष अनिल झा काँग्रेसमा प्रवेश

दैनिक समाचारदाता

जनकपुरधाम, १३ फागुन । रौतहट क्षेत्र नम्बर १ मा सद्भावना पार्टीका अध्यक्ष अनिलकुमार झा नेपाली काँग्रेस प्रवेश गरी प्रतिनिधिसभा निर्वाचन लड्दैछन्। यसपटक उनको प्रतिस्पर्धा पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टीका सह(संयोजक माधवकुमार नेपालसँग हुने भएको छ।




अघिल्लो प्रतिनिधिसभा निर्वाचन (२०७९)मा काँग्रेससहितको गठबन्धनबाट धनुषा(३ मा उम्मेदवार बनेका झा जुली महतोसँग पराजित भएका थिए। यसअघि २०७४ सालमा भने उनी रौतहट(१ बाट राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट निर्वाचित भएका थिए। उक्त निर्वाचनमा नेपालले रौतहट क्षेत्र छाडेका थिए।

१५ असोज २०२४ मा रौतहटमा जन्मिएका झाको राजनीतिक यात्रा उतार(चढावपूर्ण रहँदै आएको छ। तराईका नेता गजेन्द्रनारायण सिंहले स्थापना गरेको नेपाल सद्भावना पार्टीमार्फत उनी २०४७ सालदेखि विद्यार्थी राजनीतिमा सक्रिय भएका थिए। २०६४ सालमा राजेन्द्र महतोले नेपाल सद्भावना पार्टी फुटाएपछि झा 'सद्भावना पार्टी'मा सक्रिय भए।

२०६८ सालमा उनले अलग भई आफ्नै नेतृत्वमा 'संघीय सद्भावना पार्टी' गठन गरे, जसले २०७० सालको संविधानसभा निर्वाचनमा भाग लिएको थियो। २०७१ सालमा सरिता गिरी नेतृत्वको नेपाल सद्भावना र संघीय सद्भावनाबीच एकता भई झा एकीकृत पार्टीका अध्यक्ष बने। २०७४ सालमा मधेश केन्द्रित दलहरू मिलेर राजपा बनेपछि उनी सो दलमा सक्रिय भए। पछि उक्त दल उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीमा समाहित भयो। त्यसपछि विभाजन भई लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) गठन हुँदा झा त्यसमै आबद्ध थिए।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# नागरिकता त्याग्ने क्रम किन बढ्दो?

पछिल्लो तीन महिनामा ६१४ जनाले नेपाली नागरिकता त्यागेको तथ्यांक सार्वजनिक भएको छ। गृह मन्त्रालय द्वारा प्रकाशित दोस्रो प्रगतिविवरणअनुसार वैदेशिक बसोबास, उच्च शिक्षा, रोजगारी तथा विकसित मुलुकको नागरिकता प्राप्त गर्ने प्रक्रियाका कारण नागरिकता परित्याग गर्ने क्रम देखिएको हो। सोही अवधिमा ५६ हजार १३४ जनाले आफ्नो नागरिकतामा रहेको विवरण संशोधन गरेका छन् भने दुई लाख दुई हजार ९५६ वटा नयाँ नागरिकता जारी भएका छन्। यी संख्याले नागरिकता व्यवस्थापन प्रणालीको सक्रियता मात्र होइन, समाजभित्र भइरहेका गहिरा रूपान्तरणको संकेत पनि दिन्छन्।

पहिलो दृष्टिमा ६१४ को संख्या ठूलो जस्तो नलाग्न सक्छ। तर, नागरिकता केवल कागजी पहिचान होइन; यो राज्यसँगको कानुनी, राजनीतिक र भावनात्मक सम्बन्धको औपचारिक घोषणा हो। कसैले नागरिकता त्याग्नु भनेको आफ्नो जन्मभूमिसँगको औपचारिक नाता तोड्नु हो। त्यसैले यो विषयलाई केवल प्रशासनिक प्रक्रियाका रूपमा हेर्न मिल्दैन, यसले राज्य-नागरिक सम्बन्धको गुणस्तरबारे प्रश्न उठाउँछ।

नेपालको कानुनले दोहोरो नागरिकताको मान्यता नदिएकाले विदेशी नागरिकता लिन चाहनेले अनिवार्य रूपमा नेपाली नागरिकता त्याग्नुपर्छ। विशेषतः अमेरिका, क्यानडा र युरोपका विभिन्न देशहरूमा स्थायी बसोबास र नागरिकता लिन यस्तो प्रावधान बाध्यकारी छ। उच्च शिक्षा, सुरक्षित रोजगारी, सामाजिक सुरक्षा, स्वास्थ्य सुविधा र जीवनस्तरको आकर्षणले धेरै युवालाई विदेशतर्फ उन्मुख गरिरहेको यथार्थ लुकाउन सकिँदैन। जब ती देशहरूले नागरिकतासहित स्थायित्व दिन्छन्, नेपालले भने दोहोरो पहिचान स्वीकार नगर्दा युवाले एक रोज्नुपर्ने अवस्था सिर्जना हुन्छ।

यही सन्दर्भमा गैरआवासीय नेपाली (एनआरएन) नागरिकताको प्रश्न पनि जोडिन्छ। गैरआवासीय नेपाली संघ ले लामो समयदेखि दोहोरो नागरिकताको माग उठाउँदै आएको छ। राज्यले केही अधिकारसहितको एनआरएन नागरिकताको व्यवस्था गरे पनि त्यसले पूर्ण राजनीतिक अधिकार नदिएकाले धेरैका लागि त्यो पर्याप्त छैन। परिणामतः स्थायी बसोबास र पूर्ण अधिकारका लागि नेपाली नागरिकता त्याग्ने निर्णय लिनुपर्छ।

यस प्रवृत्तिलाई केवल 'देशप्रतिको बेवफाइ'का रूपमा चित्रित गर्नु सरलीकरण हुनेछ। धेरैजसो युवाका लागि यो निर्णय बाध्यताको उपज हो–रोजगारीको अभाव, सीमित अवसर, अस्थिर राजनीति र सेवा-सुविधाको कमीले उनीहरूलाई विकल्प खोज्न प्रेरित गरेको छ। जब राज्यले आफ्नो जनशक्तिलाई सम्मानजनक अवसर दिन सक्दैन, उनीहरू विश्वबजारमा प्रतिस्पर्धा गर्न बाध्य हुन्छन्। त्यसपछि नागरिकताको प्रश्न भावनाभन्दा बढी व्यावहारिक बन्छ।

तर, यससँगै अर्को तथ्य पनि छ–सोही अवधिमा दुई लाखभन्दा बढी नागरिकता जारी हुनु र एक लाखभन्दा बढीले वंशजका आधारमा नागरिकता पाउनु। यसले देखाउँछ कि देशभित्र नागरिकता प्राप्त गर्नेहरूको संख्या ठूलो छ। वैवाहिक अंगीकृत नागरिकताको संख्या तीन हजार ३४० हुनु सामाजिक अन्तरसम्बन्धको विस्तारको संकेत हो। यस अर्थमा नागरिकता परित्यागको संख्या कुल जारी संख्याको तुलनामा सानो देखिए पनि यसको प्रतीकात्मक महत्व गहिरो छ।

दीर्घकालीन रूपमा हेर्दा, दक्ष जनशक्ति विदेशिने र त्यहीँ स्थायी हुने क्रमले 'ब्रेन ड्रेन'को समस्या गम्भीर बनाउँछ। राज्यले लगानी गरेर शिक्षित बनाएका युवा जब स्थायी रूपमा बाहिर बस्छन्, त्यसको आर्थिक तथा बौद्धिक असर देशले भोग्नुपर्छ। यद्यपि, विदेशमा बसेका नेपालीहरूले पठाउने रेमिटेन्स अर्थतन्त्रको आधार बनेको छ, तर नागरिकता त्यागेपछि उनीहरूको दीर्घकालीन भावनात्मक र कानुनी सम्बन्ध कमजोर हुन सक्छ।

यस परिस्थितिमा राज्यले केही गम्भीर प्रश्नहरूमा पुनर्विचार गर्नुपर्छ। पहिलो, के दोहोरो नागरिकताको नीतिमा समयानुकूल बहस आवश्यक छैन? दोस्रो, विदेशमा स्थायी बसोबास गर्ने नेपालीसँग कसरी सशक्त सम्बन्ध कायम राख्ने? तेस्रो, देशभित्रै अवसर सिर्जना गरेर युवालाई रोक्ने ठोस योजना के हो?

सम्पादकीय दृष्टिले हेर्दा, नागरिकता परित्यागको बढ्दो प्रवृत्ति चेतावनीको घण्टी हो। यो राष्ट्रप्रतिको निराशा मात्र होइन, अवसरको खोजी पनि हो। राज्यले यदि आफ्ना नागरिकलाई विश्वस्त पार्न सकेन भने, नागरिकता कागजमा मात्र सीमित हुनेछ। नागरिकता केवल अधिकार होइन, दायित्व र भावनाको सेतु पनि हो। त्यो सेतु बलियो बनाउन नीति-सुधार, आर्थिक अवसर विस्तार र सुशासन अपरिहार्य छ।

अन्ततः प्रश्न केवल ६१४ जनाको होइन; प्रश्न यो हो कि भविष्यमा यो संख्या कति पुग्छ र किन पुग्छ। नागरिकता त्याग्ने प्रवृत्तिलाई रोक्ने उपाय भावनात्मक अपीलमा होइन, व्यवहारिक सुधारमा निहित छ। राष्ट्रप्रेम नारामा होइन, नागरिकलाई सम्मानजनक जीवन दिने क्षमतामा देखिन्छ।

# गगन र बालेनले बदल्न खोजिरहेको मधेस



नारायण वाग्ले

*कर्मकल्चर*

म मञ्चमा उक्लिएपछि दर्शकदीर्घाको पछाडि उभिएका अग्ला भवनतिर ध्यान गयो।

एउटै फ्रेममा परेका दुई साइनबोर्डमा आँखा अडियो – पूर्वपट्टि मैथिली विकास कोष, पश्चिमपट्टि याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय।

त्यो दृश्य आफैमा मधेसको सांस्कृतिक तहहरूजस्तै लाग्थ्यो – भाषा, परम्परा र समयको सहअस्तित्व।

जनकपुरधाममा आयोजित मैथिली कला, साहित्य तथा नाट्य अन्तर्राष्ट्रिय महोत्सवको दोस्रो दिन थियो।

हाम्रो सत्र सुरू हुनै लाग्दा सहजकर्ताले ठूलो आशासाथ सोधिन्, 'तपाईं मैथिली बोल्नुहुन्छ नि है?'

म पानी-पानी भएँ।

हाम्रो छलफलको विषय पनि पानीकै थियो – पग पग पोखरी, पियासल लोक।

मेरो लहैलहैमा लागेर मैथिलभाषी दोस्रो वक्ताले पनि नेपालीमै बोल्न थाले।

केहीबेरमै दर्शकदीर्घाबाट एउटा चिट आयो – हामीले बुझ्ने भाषामा बोल्न लगाउनुपर्‍यो।



भारतबाट आएका सहभागीहरूलाई समेत सहज होस् भनेर भाषा तुरून्त फेरियो। चार दिने महोत्सव चलिरहेका बेला मधेसको राजधानी चुनावी प्रचारको गुञ्जनले भरिँदै थियो। दिनभर सभा-जुलुस, राति मध्यरातसम्म विवाहका बाजा र बारातीले बजार गुलजार राख्थे।

यस पटक निर्वाचनले मधेसलाई राष्ट्रिय ध्यानको केन्द्र बनाएको छ। प्रधानमन्त्रीका दाबेदारमध्ये गगन थापा सर्लाही- ४ बाट उम्मेदवार बनेर आएका छन् भने छिमेकी महोत्तरी-३ मा पुर्ख्यौली जरा जोडिएका बालेन्द्र शाह (बालेन) ले पहिलो पटक मैथिलीमै विशाल आमसभालाई सम्बोधन गर्दै आफूलाई 'मधेसी छोरा भएर होइन, सही उम्मेदवार सम्झेर' मत दिन आग्रह गरेका थिए।

त्यही सभास्थल तिरहुतिया गाछीमा घोषणापत्र सार्वजनिक गर्दा गगन दबाबमा देखिए। उनले मैथिली अभ्यास थालेका रहेछन्।

'आज म थोरै मैथिली बोल्छु,' घरिघरि कागज हेर्दै उनले भने, 'म इमानदारीसाथ स्वीकार गर्छु – मैथिली, भोजपुरी, बज्जिका वा थारू भाषा धाराप्रवाह बोल्न सक्दिनँ। तर प्रतिज्ञा गर्छु, छिट्टै यही मञ्चबाट यहाँकै भाषा, शब्द र लयमा बोल्नेछु।'

सिक्न खोजे के नसकिने रहेछ र? देश जोड्ने आकांक्षा राख्नेहरूले कम्तीमा देश बुझ्न चाहेको देखिनुपर्छ।

उनले केही दिनअघि आफ्नै निर्वाचन क्षेत्रमा भनेका थिए– म अब यहींको भाषा सिक्नेछु, तपाईंहरूको नाम पनि भन्न सक्ने हुनेछु।

जेनजी आन्दोलनको ६ महिनामै चुनावको परिस्थिति बने पनि पुराना पार्टीलाई तयारीका लागि समय पुगेन। विशेष महाधिवेशनबाट सभापति बनेका गगन रातारात मधेसतिर मोडिए, भाषा सिक्न थाले। कांग्रेस बदलिएको देखाउने अवसर पाए, तर देश कसरी बदल्ने भन्ने विस्तार गर्न समय पाएनन्।

उनी स्थानीयसँग साक्षात्कार गर्न हिंडिरहेका हुन्छन्, तर भाषा सहज हुँदैन। महिलाहरूको कुरा सुन्न चाहन्छन्, बुझ्न सक्दैनन्; बुझाउन खोज्छन्, सम्प्रेषण पुग्दैन।

उनको जनादेशको रहस्य यहीं लुकेको छ – इमानदार प्रयासको अनुभूति कति दिलाउन सक्लान्?

हामी गाउँ-देहात घुम्दै गर्दा उनका प्रतिस्पर्धी अमरेश सिंह घर दैलोमा चलाखीपूर्ण तर्क राख्दै गरेका भेटिए – मलाई जिताउनु भनेको बालेनलाई जिताउनु हो।

त्यही माहोलमा उज्यालो नेपाल पार्टीका शान्त उम्मेदवार पिताम्बर कुशवाहासँग भोजनको जोग जुर्‍यो।

उनले सम्झिए, '२०४८ सालमा नेकपा (मानन्धर) का सादगी उम्मेदवार बैजनाथ महतो साइकल चढेर प्रचार गर्थे – कसैले सोचेको थिएन जित्छन् भनेर।'

युग बदलिएको छ। घरदैलो मात्र होइन, चोकमा उम्मेदवार-मतदाता साक्षात्कार, छेउछाउ कार्यकर्ता, शुभेच्छुक र प्रचारकका लागि खानाको बन्दोबस्त–खर्चपर्च बढ्दो छ।

मधेसी पार्टीहरू शिथिलजस्तै छन्। एमाले कताकति देखिन्छ। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) कताकति।

जे छ, कांग्रेस र रास्वपा। दुवैका प्रधानमन्त्रीका दाबेदार अनुहार चर्चामा छन्।

एक वाचाल छन्, राजनीतिक सुझबुझसहित संवाद र बहसका लागि तत्पर।

अर्का रहस्यमयी पोज दिँदै, गगल्स र दाह्रीको स्टाइल मार्दै र सटिक सूत्र बोल्दै हतार हतार गायब।

कसलाई जिताउने भनेर सोध्दा प्रायः को ओठमा एउटै शब्द झुन्डिएको पाइयो – 'परिवर्तन।'

यसको अर्थ मतपेटिकाले मात्र खोल्नेछ।

सर्लाहीपछि महोत्तरी पुग्दा एकडारा गाउँपालिकामा बालेनको पुर्ख्यौली परिसर अगाडि हामी रोकियौं। भाइभतिजा भेटिए, छरछिमेक भेला भए। सुडी समुदायले गर्व व्यक्त गर्नु स्वाभाविक थियो।

हरियो-पहेँलो गहुँ र तोरी बालीका बारी हुँदै डुल्दा छेउमै किशोरहरू क्रिकेट खेलिरहेका थिए।

मैले सोधेँ, 'त्यो परको कम्पाउन्ड कसको?'

'गाउँपालिका भएको?' एक किशोरले ब्याट रोकेर सोधे।

'हो।'

'तपाईंलाई थाहा छैन?,' उनी हाँसे, 'बालेन सरकारको।'

केही पर तरकारी गोडमेल गरिरहेका महिलाहरू भेटिए। मैथिली मात्र बोल्ने ती किसानले अनुहार छोप्दै 'बालम' भनेर सम्बोधन गरिरहेका थिए– बालेन्द्र भन्न गाह्रो, बालेन्दर भन्न असजिलो; सजिलो त 'बालम'।

त्यसरी प्रिय, आत्मीय वा देवलाई पुकार्ने शब्दबीच त्यही नाम चलिसकेको रहेछ।

बालेन के भन्छन्, के बोल्छन्, के गर्छन्– त्यसमा खासै चासो देखिँदैन। परिवर्तनको लहर छ; त्यसका लागि स्थानीय उम्मेदवार को हुन्, के भन्छन्– त्यो गौण छ।

प्रतिनिधिसभाका लागि निर्वाचन हो कि प्रधानमन्त्रीको? त्यसो त दुवैका लागि हो।

प्रतिनिधिसभा हुँदै प्रधानमन्त्रीको निर्वाचन हुँदैछ र प्रत्यक्ष प्रधानमन्त्रीको निर्वाचनझैं लाग्ने गरी दुई उम्मेदवारबीच यस्तरी प्रतिस्पर्धाको भान हुँदैछ, मानौं हामी दुई दलीय व्यवस्थातिर जाँदैछौं!

हमर कहल बात ठीक नै लागल, कि ने?

*साभारः सेतोपाटीडटकम*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# प्रभावशाली र चर्चित नेता हारेका विगतका यी चुनाव



भावी प्रधानमन्त्रीका आकाङ्क्षीमध्येका दुई जना, पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र काठमाण्डू महानगरपालिकाका पूर्वमेअर बालेन्द्र शाह 'बालेन' एउटै निर्वाचन क्षेत्रबाट प्रतिस्पर्धामा छन्।

आगामी फागुन २१ गते हुने निर्वाचनको मतपरिणाम आउँदा झापा निर्वाचन क्षेत्र नम्बर ५ बाट ओली र बालेनमध्ये कम्तीमा एक जना पराजित हुने निश्चित छ। चार पटक प्रधानमन्त्री बनिसकेका ओली नेकपा एमालेका अध्यक्ष हुन् भने बालेन राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका वरिष्ठ नेता हुन्।

नेपालका इतिहासमा राजनीतिक दल वा सरकारको उच्च पदमा रहेका व्यक्ति पराजित भएका कैयौं चुनाव छन्। बहालवाला प्रधानमन्त्रीदेखि पार्टी प्रमुखसम्म पराजित भएका विगतका चुनावहरूको हामीले यहाँ चर्चा गरेका छौं।

***गणेशमानसँग पुष्पलाल हारेको चुनाव***

नेपालको इतिहासमा भएको पहिलो संसदीय निर्वाचनमा कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ र प्रजातान्त्रिक योद्धाका रूपमा चिनिएका गणेशमान सिंह एउटै निर्वाचन क्षेत्रबाट उम्मेदवार बने।

विसं २०१५ सालको आमनिर्वाचनमा तत्कालीन काठमाण्डू क्षेत्र नम्बर १ मा प्रतिस्पर्धा गरेका दुई नेतामध्ये कम्युनिस्ट पार्टीका संस्थापक श्रेष्ठ सिंहसँग पराजित भए।

गणेशमानले ३,००० जति मतान्तरले पुष्पलाललाई पराजित गरेका थिए।

त्यसबेला तत्कालीन नेकपामा केशरजङ्ग रायमाझी नेतृत्वमा थिए। पाल्पाबाट चुनाव लडेका पार्टी महासचिव रायमाझी पनि पराजित भएको पत्रकार तथा उपप्राध्यापक जगत् नेपालले आफ्नो पुस्तक 'पहिलो संसद् : बीपी-महेन्द्र टकराव'मा उल्लेख गरेका छन्।

"त्यो चुनावमा पूर्वप्रधानमन्त्रीहरू केआई सिंह र टंकप्रसाद आचार्य पनि पराजित भए। कांग्रेसले दुईतिहाइ ल्याउँदा बीपी, सुवर्ण शमशेर र गणेशमानपछिका प्रतिष्ठित नेता सूर्यप्रसाद उपाध्याय पनि दुवै क्षेत्रबाट पराजित भए," नेपाल भन्छन्।

"त्यस बेला नौ वटा पार्टी थिए, बिपीबाहेक सबै पार्टीका प्रमुख हारे।"

आमनिर्वाचनको अघिल्लो वर्ष २०१४ जेठमा काठमाण्डूमा भएको नेकपाको दोस्रो महाधिवेशनबाट केशरजङ्ग रायमाझी नेतृत्वमा आएका थिए। तर नेकपाले संस्थापक श्रेष्ठको संविधानसभा र गणतन्त्रको नारासहितको राजनीतिक दस्तावेज पारित भएको थियो।

विसं २०१७ पुस १ गतेको राजा महेन्द्रको कदमलाई रायमाझीले 'प्रगतिशील कदम' भनेर स्वागत गरेपछि नेकपामा विभाजन समेत भएको थियो।

***मदन र विद्यासँग 'किसुनजी'को पराजय***

तत्कालीन राजा महेन्द्रले बहुदलीय संविधान नै परिवर्तन गरेपछि पञ्चायत कालभरि देशमा बहुदलीय प्रतिस्पर्धाको चुनाव भएन। तर २०४३ सालमा भएको राष्ट्रिय पञ्चायत निर्वाचनमा बद्रीप्रसाद मण्डलले २००७ सालको आन्दोलनपछि पहिलो प्रधानमन्त्री बनेका चर्चित नेता मातृकाप्रसाद कोइरालालाई पराजित गरेका थिए।

विसं २०४७ सालमा बहुदलीय व्यवस्थासहितको संविधान बनेपछि २०४८ सालमा भएको निर्वाचनमा पनि तत्कालीन प्रधानमन्त्री पराजित भए।

संयोग के थियो भने २०१५ जस्तै यो निर्वाचनमा पनि काठमाण्डू क्षेत्र नम्बर १ मा कांग्रेस र कम्युनिस्ट पार्टीका प्रभावशाली नेताहरूबीच प्रतिस्पर्धा भयो। तत्कालीन प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका संस्थापक नेता तथा कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई र नेकपा एमालेका लोकप्रिय महासचिव मदन भण्डारी एउटै क्षेत्रबाट उम्मेदवारी दिए।

तीव्र प्रतिस्पर्धात्मक उक्त निर्वाचनमा १,००० भन्दा कम मतान्तरले भण्डारी निर्वाचित भएका थिए। त्यसको दुई वर्षपछि चितवनको दासढुङ्गामा भएको सवारी दुर्घटनामा मदन भण्डारीको मृत्यु भएपछि काठमाण्डू १ मा उपनिर्वाचन भयो।

नेपाली कांग्रेसको २०४८ फागुनमा झापामा भएको महाधिवेशनबाट भट्टराई पार्टी सभापति चुनिए। पार्टी पङ्क्तिमा 'किसुनजी' भनेर बोलाइने भट्टराईका लागि त्यो उपनिर्वाचन पनि अनुकूल बनेन। यो पटक मदन पत्नी विद्या भण्डारीसँग भट्टराई पराजित भए।

त्यो निर्वाचनमा भट्टराईको पराजय हुनुमा पनि उनको पार्टीभित्र गिरिजाप्रसाद कोइरालासँग देखिएको शक्तिसङ्घर्ष एउटा कारण रहेको लेखक नेपाल बताउँछन्।

"किसुनजीका प्रचारकहरूले गिरिजाबाबुलाई संसदीय दलको नेताबाट हटाउने भनेर आक्रामक प्रचार गरेको भएर त्यो बेला गिरिजाबाबुको पक्षले किसुनजीलाई चुनावमा हराएको भन्ने आरोप नै लाग्यो," उनी भन्छन्।

"तर २०४८ सालको चुनावमा चाहिँ पार्टीभित्रको समस्या होइन।"

***माधव नेपालको दोहोरो पराजय***

सशस्त्र द्वन्द्वमा रहेको नेकपा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सक्रिय भूमिका निभाएका माधवकुमार नेपाल २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा निकै चर्चामा थिए। एमालेको नेतृत्व गरिरहेका नेपालका लागि त्यो निर्वाचन भने भारी पर्‍यो। नेपालले उम्मेदवारी दिएका काठमाण्डू २ र रौतहट १ दुवै ठाउँबाट उनी पराजित भए। नेपाललाई दुवै ठाउँबाट राजनीतिमा चर्चामा नभएका उम्मेदवारले पराजित गरेका थिए।

काठमाण्डूमा नेपाललाई माओवादीका झक्कु सुवेदीले र रौतहटमा स्वतन्त्र उम्मेदवार बबन सिंहले पराजित गरे।

निर्वाचनमा पराजित भए पनि नेपाललाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले मनोनीत गर्ने कोटाबाट संविधानसभाको सदस्य बनाएको थियो। सरकारको सिफारिसबाट संविधानसभामा प्रवेश गरेको एक वर्षभन्दा कम समयमै नेपाल प्रधानमन्त्रीसमेत बने।

***चर्चित नेताहरू पराजित भएको चुनाव***

विसं २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा विद्रोहबाट शान्ति प्रक्रियामा आएर पहिलो पटक संसदीय चुनावमा भाग लिएको माओवादीले प्रत्यक्षतर्फ आधा सीटहरूमा जित हासिल गरेको थियो। माओवादीका नेताहरूसँग त्यो चुनावमा पूर्वप्रधानमन्त्री तथा तात्कालिक जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, राप्रपा अध्यक्ष पशुपति शम्शेर राणालगायत कैयौं दलका प्रमुख पराजित बनेका थिए।

उक्त चुनावमा एमालेमा तत्कालीन समयमा कुनै पदीय जिम्मेवारीमा नभए पनि प्रभावशाली नेता मानिने केपी ओली पनि पराजित भए। उनलाई माओवादीका कुमार लिङ्देनले झापामा पराजित गरेका थिए। झापामै तत्कालीन गृहमन्त्री कृष्ण सिटौला माओवादीका पूर्णप्रसाद राजवंशीसँग पराजित भएका थिए।

यो निर्वाचनमा कांग्रेसका उपसभापति रहेका सुशील कोइराला पनि बाँकेबाट पराजित भएका थिए। गृहजिल्ला बाँके ३ मा उम्मेदवार रहेका कोइराला मधेशी जनअधिकार फोरम र माओवादीका उम्मेदवारभन्दा पनि पछि परेका थिए।

विसं २०६४को पहिलो संविधानसभा निर्वाचनमा राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष रहेका पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा आफ्नै गृहजिल्ला धनकुटामा चौथो भएका थिए। लामो समय थापाले चुनाव जितिरहेको धनकुटामा त्यो चुनावमा माओवादीका हेमराज भण्डारी निर्वाचित भए। यो निर्वाचनमा राप्रपा अध्यक्ष पशुपति शम्शेर राणा पनि सिन्धुपाल्चोकमा दावा शेर्पासँग पराजित भए। लामो समयदेखि प्रतिस्पर्धा गर्दै आएको ठाउँमा राणा पराजित भएका थिए।

मधेश आन्दोलनबाट तराई मधेश क्षेत्रमा उदाएका प्रमुख दुई दलमध्ये तराइ मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर पनि २०६४ को निर्वाचनमा सर्लाही ४ बाट पराजित भए। उनलाई मधेश आन्दोलनबाटै उदाएको अर्को दल मधेशी जनाधिकार फोरमका शिवपूजन यादवले पराजित गरेका थिए। ठाकुर दोस्रो संविधानसभा निर्वाचनमा पनि त्यही क्षेत्रबाट कांग्रेसका अमेशकुमार सिंहसँग पराजित भएका थिए।

विसं २०५१ सालको उपनिर्वाचनमा कृष्णप्रसाद भट्टराईलाई पराजित गरेर चर्चामा रहेकी विद्या भण्डारी पनि २०६४को पहिलो संविधानसभा निर्वाचनमा पराजित भइन्। पछि नेपालकी पहिलो महिला राष्ट्रपति बनेकी भण्डारी उक्त निर्वाचनमा काठमाण्डू क्षेत्र नम्बर ४ मा कांग्रेसकी सुप्रभा घिमिरेसँग पराजित भएकी थिइन्।

उपप्राध्यापक नेपाल ठूला नेताहरू हार्दा संसद् कमजोर हुने बताउँछन्।

"ठूला नेता हार्दा पार्टीहरूले सुरक्षित महसुस नगर्दा रहेछन्। त्यसकारण संसद् चाहिँ कमजोर हुने रहेछ," नेपाल भन्छन्।

निर्वाचन आयोगका पूर्वआयुक्त दोलखबहादुर गुरुङ द्वन्द्वपछि भएको चुनावमा दलहरूका लागि आएको अप्रत्याशित नतिजाबाट दलहरूले कैयौं प्रश्न पठाए पनि विधि र प्रक्रियाबाट चुनाव भएका कारण राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वीकार्यता पाएको बताउँछन्।

"तत्कालीन प्रधानमन्त्रीजीले चुनावपछि संविधानसभामा धन्यवाद दिँदा निर्वाचन आयोगको नाम भनिएन," गुरुङ भन्छन्।

***प्रचण्ड र रामचन्द्र पौडेलको पराजय***

थपिएको कार्यकालमा पनि नयाँ संविधान बनाउन नसकी पहिलो संविधानसभा विघटन भएपछि २०७० सालमा दोस्रो संविधानसभाको निर्वाचन भयो।

पहिलो संविधानसभा निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको माओवादीलाई मतदाताले दोस्रो संविधानसभामा तेस्रो स्थान दिए। पहिलोमा दुई स्थानबाट निर्वाचित भएर रोल्पाको निर्वाचन क्षेत्र छोडेका प्रचण्ड २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पनि दुई ठाउँबाट उम्मेदवार बनेका थिए।

तर प्रचण्ड काठमाण्डूमा पराजित भए। सिराहा ५ बाट झिनो मतान्तरले निर्वाचित भएका कारण उनी संविधानसभामा आउने बाटो भने रोकिएन।

प्रचण्डलाई पनि काठमाण्डूमा खासै चर्चा नभएका उम्मेदवारले पराजित गरेका थिए। पहिलो संविधानसभा निर्वाचनमा १० हजारभन्दा धेरै मतान्तरले निर्वाचित भएका प्रचण्डलाई राजेन्द्रकुमार केसीले दोस्रो संविधानसभामा पराजित गरे। यो निर्वाचनमा दाहाल काठमाण्डूमा तेस्रो भए।

त्यो निर्वाचनमा पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले दुई ठाउँबाट उम्मेदवारी दिएका थिए। तर सर्लाहीमा खनाल पराजित भए। इलामबाट निर्वाचित भएका खनालको संविधानसभा यात्रा भने रोकिएन।

विसं २०७९को अघिल्लो संसदीय निर्वाचनमा भने खनाल इलामबाट पनि पराजित भएका थिए।

विसं २०७० सालको दोस्रो संविधानसभा निर्वाचन नेपाली कांग्रेसका तात्कालिक उपसभापति रामचन्द्र पौडेलका लागि पनि महँगो पर्‍यो। हालका राष्ट्रपति पौडेल उक्त निर्वाचनमा तनहुँ १ बाट पराजित भएका थिए।

अघिल्लो निर्वाचनमा दुईतिहाइ बहुमतनजिक मत पाएको माओवादी तेस्रो दल बनेपछि मतगणना बीचमै छाडेर माओवादी नेताहरूले पार्टी कार्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गरेका थिए।

"माओवादी केन्द्र जताततै पछि पर्दै गएपछि माओवादी केन्द्रले बहिस्कार नै गऱ्यो," गुरुङ सम्झन्छन्।

"कार्टर सेन्टरदेखि अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पनि निष्पक्ष भयो भनिसकेका कारण उहाँहरूको धाँधली भयो भन्ने आवाज बिस्तारै कम हुँदै गयो," गुरुङ भन्छन्।

नयाँ संविधान बनेपछि उम्मेदवारहरूलाई दुई स्थानबाट प्रतिस्पर्धा गर्न रोक लगाउने कानुन बन्यो। त्यसपछिको निर्वाचनमा राप्रपा अध्यक्ष रहेका कमल थापा पराजित भए। हिन्दू राष्ट्र र राजतन्त्रको व्यवस्था नयाँ संविधानमा राख्न माग गरेर चर्चामा रहेका थापा विसं २०७४ सालको संसदीय निर्वाचनमा थापा मकवानपुर १ मा पराजित भए।

***दुई पार्टी अध्यक्षको प्रतिस्पर्धा भएको अघिल्लो चुनाव***

विसं २०७९ सालमा भएको अघिल्लो निर्वाचन मधेशकेन्द्रित राजनीतिबाट उदाएका दुई वटा पार्टीका अध्यक्षको प्रतिस्पर्धाका कारण रोचक बन्यो।

हाल जसपा नेपालका अध्यक्ष रहेका उपेन्द्र यादव र पहिलो पटक संसदीय चुनावमा भाग लिएको जनमत पार्टीका अध्यक्ष सीके राउत दुवैले सप्तरी २ बाट उम्मेदवारी दिए। यो चुनाव यादवका लागि महँगो पर्‍यो। राउतसँग संसदीय निर्वाचनमा पराजित भएका यादव पछि बारा २ मा भएको उपनिर्वाचनबाट संसद्मा चुनिएर आए।

अहिलेको निर्वाचनमा पनि कैयौं स्थानमा दलका प्रभावशाली नेताबीच प्रतिष्ठाको लडाइँ देखिएको भन्दै गुरुङ चुनावी प्रक्रिया अधिकतम पारदर्शी बनाए मात्रै परिणाम विश्वसनीय र स्वीकार्य हुने बताउँछन्।

"निर्वाचन आयोगले ती क्षेत्रमा बढी से बढी ध्यान दिएर सुरुदेखि मतपरिणाम नआउँदासम्म चुनावी प्रक्रिया उच्च पारदर्शी र कानुनसम्मत बनाउँदै जानुपर्छ। त्यसो हुँदा मतपरिणाममा तत्काल स्वीकार्यता नभए पनि फरक पर्दैन भन्ने ७० सालको अनुभव छ," गुरुङ भन्छन् । बीबीसीडटकम/नेपाली

# मृतकको नाम दुरुपयोग नहुने : आयोग

दैनिक समाचारदाता

काठमाडौं १३ फागुन । निर्वाचन आयोगले मतदाता नामावलीमा समावेश भइसकेका तर मृत्यु भइसकेका व्यक्तिको नाम दुरुपयोग नहोस् भन्ने विषयमा आफू सचेत रहेको जनाएको छ। आयोगका अनुसार यस सम्बन्धी जिज्ञासा आयोगले सञ्चालन गरेको कल सेन्टरमा समेत आउने गरेको छ।

मतदाता, नागरिक तथा सरोकारवालाका प्रश्न र गुनासो सुनुवाइका लागि आयोगमा कल सेन्टर सञ्चालनमा रहेको छ। निर्वाचनसम्बन्धी कुनै अलमल वा जिज्ञासा भएमा निःशुल्क टोल-फ्री नम्बर ११०२ मा सम्पर्क गर्न सकिने व्यवस्था गरिएको आयोगले जनाएको छ।

एक मतदाताले कल सेन्टरमार्फत "मतदाता नामावलीमा मृतक व्यक्तिको नामसमेत समावेश भएकाले त्यसको दुरुपयोग हुनसक्ने अवस्था छ, यस विषयमा आयोगले के गर्छ?" भन्ने प्रश्न गरेका थिए।

यसको जवाफमा आयोगले मतदाता नामावली छापिनुअघि




मृत्यु भएको सूचना प्राप्त भएका सबै व्यक्तिको नाम नामावलीबाट हटाइसकिएको स्पष्ट पारेको छ। तर सूचना प्राप्त नभएका वा तोकिएको मितिपछि मृत्यु भएका व्यक्तिको नाम भने नामावलीमा कायम रहन सक्ने आयोगको भनाइ छ। यस्तो अवस्थामा समेत कुनै प्रकारको दुरुपयोग नहोस् भन्ने विषयमा आयोग सतर्क रहेको उल्लेख गरिएको छ।

आयोगका अनुसार मतदाताको सहज पहिचानका लागि प्रत्येक मतदान केन्द्रमा फोटोसहितको रंगीन मतदाता नामावली पठाइएको छ। मतदान केन्द्रमा खटिएका कर्मचारीले मतदान गर्न आउने व्यक्तिको फोटोसहितको सक्कल परिचयपत्र र नामावलीमा रहेको फोटोसँग अनुहार भिडाएर यकिन गरेपछि मात्र मतपत्र उपलब्ध गराउने व्यवस्था छ। त्यसैगरी, सुरक्षाकर्मीहरूले सम्भावित अवाञ्छित गतिविधिको निगरानी गरी तत्काल नियन्त्रण गर्ने तथा उम्मेदवारका मतदान प्रतिनिधिहरूले पनि मतदाताको पहिचानमा ध्यान दिने व्यवस्था गरिएको छ। यी प्रक्रियाका कारण मतदाता नामावलीमा रहेका मृतक व्यक्तिको नाम दुरुपयोग हुने सम्भावना नरहेको आयोगले स्पष्ट पारेको छ।

# यस्ता छन् मन्त्रिपरिषद् बैठकका मुख्य ९ निर्णय

दैनिक समाचारदाता

काठमाडौं १३ फागुन । सरकारले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा देशभर तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

सरकारका प्रवक्ता तथा गृहमन्त्री ओमप्रकाश अर्यालले मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू बुधबार सार्वजनिक गर्दै फागुन २० देखि २२ गतेसम्म देशभर सार्वजनिक बिदा दिने निर्णय भएको जानकारी दिएका हुन् ।

*सुरक्षाकर्मीलाई राहत*

निर्वाचन प्रहरी घाइते भएमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले व्यहोर्ने र सो अवधिमा कुनै सुरक्षाकर्मीको मृत्यु भएमा आश्रित परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिएको छ ।

*कलंकी-वसुन्धरा सडक विस्तारमा कर छुट*

चीन सरकारको अनुदान सहयोगमा निर्माण तथा स्तरोन्नति हुन लागेको काठमाडौं चक्रपथ सुधार आयोजना अन्तर्गत 'कलंकीदेखि वसुन्धरासम्म'को खण्डका लागि



आयोजना कार्यान्वयन सम्झौतामा उल्लेखित विषयहरूमा कर छुट दिने निर्णय सरकारले गरेको छ ।

*परराष्ट्रमन्त्रीको बंगलादेश भ्रमणबारे*

नेपाल सरकारको प्रतिनिधित्व गर्दै फागुन ४ देखि ७ गतेसम्म बंगलादेशका नवनिर्वाचित प्रधानमन्त्री तारिक रहमानको शपथ ग्रहण समारोहमा सहभागी भएका परराष्ट्रमन्त्रीको भ्रमणलाई मन्त्रिपरिषद्ले समर्थन (अनुमोदन) गरेको छ ।

*रेडक्रसको तदर्थ समितिको म्याद थप*

नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यसमितिको तदर्थ समितिलाई २०८३ साल असार मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय भएको छ । सोही अवधिभित्र नयाँ कार्यसमिति गठन गर्ने गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्ने निर्णय पनि सरकारले गरेको छ ।

*यातायात जाँचबुझ आयोगको म्याद थप*

यातायात क्षेत्रसम्बन्धी सर्वोच्च अदालतका आदेशहरू कार्यान्वयन गर्ने सन्दर्भमा जाँचबुझ गर्न गठित आयोगको कार्य अवधि एक महिना थप गरिएको छ ।

*अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन स्वीकृति*

सरकारले प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्कीलाई चैत्र २५ देखि २७ गतेसम्म फ्रान्समा आयोजना हुने '२१औं इन्टरपोल एनुअल हेड्स अफ एनसीबी कन्फ्रेन्स'मा सहभागी हुन स्वीकृति दिइएको छ ।

*भारतमा हुने फोरममा सहभागी हुन अनुमति*

राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक ओमप्रकाश जोशीलाई २०८२ फागुन १८ र १९ गते भारतमा हुने 'रेसिना इनसाइट्स फोरम २०२६' मा सहभागी हुन सरकारले स्वीकृति प्रदान गरेको छ ।

*बेलायती राजाबाट प्रदान गरिने उपाधिबारे*

सरकारले हितमान गुरुङलाई बेलायतका राजाबाट प्रदान गरिने 'मस्ट एक्सिलेन्ट अर्डर अफ द ब्रिटिस एम्पायर उपाधि ग्रहण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको प्रवक्ता तथा गृहमन्त्री अर्यालले जानकारी दिए ।

# निर्वाचन सुरक्षामा सजग रहन प्रधानमन्त्री कार्कीको निर्देशन

दैनिक समाचारदाता

काठमाडौं १३ फागुन । प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन तयारी र समग्र सुरक्षा अवस्थाबारे सबै सुरक्षा निकायका प्रमुखहरूसँग मंगलबार विस्तृत ब्रिफिङ लिएकी छन्। साँझ बालुवाटारमा सुरक्षा प्रमुखहरूलाई बोलाएर उनले पछिल्लो अवस्थाबारे जानकारी लिएकी हुन्।

ब्रिफिङका क्रममा सुरक्षा निकायहरूले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै हालसम्म कुनै गम्भीर सुरक्षा चुनौती नरहेको जानकारी गराएका थिए। प्रधानमन्त्री कार्कीले हालसम्मको सुरक्षा अवस्था सन्तोषजनक रहेको उल्लेख गर्दै सम्भावित चुनौतीप्रति थप सजग रहन निर्देशन दिएकी छन्।

नेपाली सेनाले देशभर २७५ स्थानमा बम डिस्पोजल टोली तयारी अवस्थामा राखिएको, स्ट्यान्डबाइ हेलिकप्टर व्यवस्था गरिएको तथा मतदान सामग्री ढुवानीसम्बन्धी तयारी पूरा भएको जानकारी गराएको थियो। हालसम्म १३ स्थानमा शंकास्पद वस्तु निष्क्रिय पारिएको सेनाले जनाएको छ।

सुरक्षा निकायका अनुसार



हालको प्रमुख चुनौती सामाजिक सञ्जालमार्फत फैलिने अफवाह, 'मिसइन्फरमेशन' र 'डिसइन्फरमेशन' हो। विशेषगरी मौन अवधिको पूर्वसन्ध्यामा यस्ता गतिविधि बढ्न सक्ने भएकाले त्यसतर्फ गम्भीर ध्यान दिइएको जनाइएको छ।

यस प्रसंगमा प्रधानमन्त्री कार्कीले आफ्नै विषयमा फैलाइएका गलत समाचारको उदाहरण दिँदै हाँसोसहित भनिन्, "मैले त कतिपटक आफ्नै राजीनामाबारे पढ्नुपरेको छ। कतिले त राजीनामा दिइसकेको भनेर पनि लेख्दारहेछन्।" उनले यस्ता भ्रामक सूचनाप्रति थप सतर्कता अपनाउन निर्देशन दिएकी छन्।

सुरक्षा फौज व्यापक रूपमा परिचालन गरिएको र आवश्यकता परे ३० मिनेटभित्र थप मद्दत पुग्ने तथा बढी आवश्यक परे ९० मिनेटभित्र अतिरिक्त टोली परिचालन गर्न सकिने व्यवस्था गरिएको सुरक्षा निकायले जनाएको छ।

गृह मन्त्रालयमा दैनिक केन्द्रीय सुरक्षा समितिको बैठक बस्ने र हरेक दिनको सुरक्षा अवस्थाको समीक्षा गर्ने प्रबन्ध मिलाइएको छ। प्रत्येक प्रदेशमा एक-एक एआइजी तथा गृह मन्त्रालयबाट सहसचिव खटाइने व्यवस्था गरिएको जानकारी पनि प्रधानमन्त्रीलाई गराइएको थियो। शंकास्पद रूपमा अत्यधिक मत खसेका मतदान केन्द्रमा विशेष निगरानी राख्ने, त्यस्ता स्थानमा पूर्वखटिएका कर्मचारीलाई पुनः नखटाउने तथा गडबडी प्रमाणित भए कारबाही गर्ने तयारीसमेत गरिएको छ।

संभावित झडप रोक्न प्रत्येक उम्मेदवारका एक प्रतिनिधिलाई जिल्ला सुरक्षा समितिसँग समन्वयमा राख्ने, फरक दलका उम्मेदवारबीच अनावश्यक जम्काभेट नहोस् भनी घरदैलो कार्यक्रमको रुटसमेत समन्वय गरेर तय गरिएको सुरक्षा निकायले जनाएको छ।

# ट्रकले ठक्कर दिँदा दुई युवकको मृत्यु

हेटौँडा, १३ फागुन । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको हेटौँडा उपमहानगरपालिका -१९ बस्तीपुरमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ । बुधबार बिहान भएको दुर्घटनामा मोटरसाइकल चालक मकवानपुर राक्सिराङ गाउँपालिका -१ निवासी २२ वर्षीय सञ्जित स्याङतान र सोही मोटरसाइकलमा पछाडि सवार १८ वर्षीय अमोश थिङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

ट्रकको ठक्करबाट गम्भीर घाइते हुनुभएका दुवै जनालाई उपचारका लागि चुरेहिल अस्पताल पठाइएमा उपचारको क्रममा उहाँहरुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुस्कर बोगटीले जानकारी दिनुभयो ।

हेटौँडा बजारबाट मनहरीतर्फ जाँदैगरेको ना ४३ प २२१ नम्बरको मोटरसाइकललाइ नेवारपानीबाट हेटौँडातर्फ आउँदै गरेको ग २ ख ८९८ नम्बरको ट्रकले ठक्कर दिएको इलाका प्रहरी कार्यालय नेवारपानीले जनाएको छ । दुर्घटनापछि फरार भएको ट्रकलाई पर्सा वीरगञ्ज महानगरपालिका -१३ पर्तिमाचोक स्थित ग्यारेजबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । ट्रक चालक बारा जितपुरसिमरा उपमहानगरपालिका -३ निवासी ३६ वर्षीय अनिल साह फरार रहेका छन् । उहाँको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# चार लाख रुपैयाँ बढीको भन्सार छलीको सामग्री बरामत

काठमाडौं १३ फागुन । रुपन्देही प्रहरीले भन्सार छलेर ल्याएका चार लाख रुपैयाँभन्दा बढीको सामग्री बरामत गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीले भन्सार छलेर ल्याउँदै गरेको चार लाख रुपैयाँ भन्दा बढीको लत्ताकपडा र कस्मेटिक्सको सामग्री बरामत गरेको जनाएको छ ।

मातहतका प्रहरी इकाईबाट खटिएको टोलीले चेकजाँच गर्दा चार लाख २४ हजार ९४८ रुपैयाँ बराबरको सामग्री बरामत गरेको रुपन्देही प्रहरीले जनाएको छ ।

जसमा रुपन्देही रोहिणी गाउँपालिका- १ र २ बाट बच्चाको सेट कपडा ९० सेट, बच्चाको टिसर्ट ३०० पिस, अन्डरवयर ४४० थान र बिजुली तथा हार्डवयरका सामान बरामत भएको प्रहरीले जनाएको छ । जसको मूल्य दुई लाख १५ हजार ४०० रहेको प्रहरीले भनेको छ ।

यस्तै रुपन्देहीको सिद्धार्थनगर नगरपालिका- ८ बाट दुई लाख ९




हजार ५४८ रुपैयाँ बराबरको कस्मेटिक सामग्री फेला परेको पनि प्रहरीले जनाएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४